Together We Can Achieve
नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्टस्
Nepal Association of Tour & Travel Agents
NATTA 1966

Goma Ganesh, Gairidhara, Naxal,
P. O. Box: 362, Kathmandu, Nepal
Tel: 977-1-4419409/4418661
Fax: 977-1-4418684
E-mail: natta@mail.com.np
ceo@natta.org.np
info@natta.org.np
Website: www.natta.org.np

SWC Affiliation No.: 25285

मिति: २०७१/५/१२

**नाट्टाद्वारा सहयोग प्रदान**

काठमाण्डौं १२ भाद्र, नेपाल एशोसिएन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) सिन्धुपाल्चोक जिल्लाको जुरे क्षेत्रमा आएको विध्वशंकारी बाढी र भूस्खलनका कारण हुन गएको मानवीय विपत्तीलाई ध्यानमा राखि त्यहांका पिडित जनसमुदायलाई राहत पुर्‍याउन सहयोग स्वरुप नाट्टा कार्यसमिति, नाट्टा सदस्यहरु तथा नाट्टा सचिवालयका कर्मचारीहरुद्वारा संकलित एक लाख एक्काइस हजार रुपैया आज सिन्धुपाल्चोक जिल्ला सदरमुकाम चौंतारामा त्यहांका प्रमुख जिल्ला अधिकारी गोपाल प्रसाद पराजुलीलाई प्रदान गरेको छ । नाट्टाका अध्यक्ष डी.बी. लिम्बूले सहयोग रकम प्रमुख जिल्ला अधिकारी पराजुलीलाई हस्तान्तरण गर्नु हुदै नाट्टाका तर्फबाट प्रस्तुत गर्नु भएको यो सहयोग रकमले स्थानीय बासीहरुको राहत कार्यमा शतांश पनि सहयोग पुर्‍याएमा हाम्रा निम्ति त्यतिनै ठूलो सन्तुष्टिको बिषय हुने उल्लेख गर्नु भयो । नाट्टा प्रमण्डलमा नाट्टा कार्यकारी सदस्य, यदु लामिछाने तथा सहयोगी प्रा. डा. हरि शर्मा हुनुहुन्थ्यो । उपरोक्त सहयोग रकम जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारी दीप राज रेग्मी, प्रहरी नायव उपरिक्षक भरत बहादुर बोहरा, अनुसन्धान प्रमुख जित बहादुर घले, नेपाल पत्रकार महासंघ, सिन्धुपाल्चोक जिल्ला अध्यक्ष युवराज पुरी, सह सचिव दीपक अर्याल, प्रेस युनियनका अध्यक्ष ध्रुव दंगालको रोहवरमा नाट्टा सहयोग रकम प्रदान गरिएको थियो ।

डी.बि लिम्बू
अध्यक्ष

NATTA 1966 Together We Can Achieve

........................................................................................................................

महोदय/महोदया,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।

UFTAA
TOURISM COUNCIL OF THAILAND
NATURALLY NEPAL ONCE IS NOT ENOUGH
NEPAL CHAMBER